**<u>मिति २०७७/१२/३०  गते सोमबार १०२ औ कार्यपालिका बैठक</u>**

**<u>प्रस्तावहरु:</u>**

१. आ.व.२०७६/०७७को घोराही उपमहानगरपालिकाको संस्थागत क्षमता स्व-मूल्याङ्कनको प्रारम्भिक नतिजा सम्बन्धमा।
२. आगामी आ.व. २०७८/०७९को बजेट तर्जुमा सम्बन्धमा ।
३. समपूरक आयोजना छनौट सम्बन्धमा ।
४. कार्यविधि पारित सम्बन्धमा ।
५. व्यक्तिगत घटनादर्ता अभियान सम्बन्धमा ।
६. आर्थिक सहयोग सम्बन्धमा ।
७. जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
८. सरसफाई वातावरण तथा विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
९. शोक प्रश्ताव सम्बन्धमा ।

**निर्णय नं. १**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाण्डौबाट मिति २०७७ मंसिर ३ गते माननीय मन्त्रीस्तरीय निर्णयबाट पारित स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यविधि २०७७ अनुसार आ.व. २०७६/०७७को संस्थागत क्षमता स्व-मूल्याङ्कनको प्रारम्भिक नतिजा माथि छलफल गरियो ।

**निर्णय नं. २**

आगामी आ.व. २०७८/०७९ का लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण तथा राजश्व बाँडफाँडको बजेट सीमा हालसम्म प्राप्त भै नसकेको र आगामी आ.व.का लागि बजेट तर्जुमाका चरणवद्ध कृयाकलापहरु अगाडी बढाउने समय सिमा नजिकिदै गरेको अवस्थामा चालु आ.व.मा प्राप्त बजेट सिलिङ्गलाई आधार मानी चरणवद्ध बजेट तर्जुमाका कृयाकलापहरु अगाडी बढाउने ।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकामा तपशिल बमोजिमका आयोजनाहरु प्रदेश सरकारको समपुरक अनुदान सहायता अन्तर्गत संचालन गर्न तपशिल बमोजिम प्राथमिकताक्रम निर्धारण गरी समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७६ को अनुसूची-१ बमोजिमको ढाँचामा प्रदेश सरकारमा माग गर्ने ।

तपशिल

१. दामोदर चोकदेखि आर्मी व्यारेकसम्म सडक पिच (क्रमागत) ।
२. खैरा-कोठरी सडक पिच ।
३. खिरिटियादेखि ६ नं. वडा कार्यालयसम्म सडक पिच ।
४. घोराही चोकदेखि गुलरिया पार्कसम्म सडक पिच ।
५. घोराही १७ लखवार कुलोदेखि धर्नासम्मको सडक विस्तार तथा पिच ।

**निर्णय नं. ४**

निम्न शाखाबाट पेश भएका तपशिल बमोजिमका कार्यविधि पारित गर्ने ।

१. सूचना तथा सञ्चार प्रविधि शाखाबाट पेश भएको **सार्वजनिक जवाफदेहिता प्रवर्द्धन कार्यविधि, २०७७**

२. महिला बालबालिका तथा सामाजिक विकास शाखाबाट पेश भएको **ज्येष्ठ नागरिक सम्बन्धी सञ्चालन कार्यविधि, २०७७**

**निर्णय नं. ५**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प.सं. ०७७/०७८ च.नं. २००९, मिति २०७७।१२।१८को पत्रानुसार नेपाल सरकारले सन् २०२४ (वि.सं.२०८०) सम्ममा जन्म दर्ता शत प्रतिशत पुर्याउने र अन्य व्यक्तिगत घटनादर्तामा उल्लेख्य रुपमा वृद्धि गर्ने अन्तराष्ट्रिय प्रतिवद्धता अनुरुप आगामी २०७८ सालको बैशाख १ गतेदेखि १६ गतेसम्म राष्ट्रव्यापी रुपमा व्यक्तिगत घटना दर्ता अभियान सञ्चालन गर्ने सम्बन्धमा विभागबाट उपलब्ध भएको बजेट तथा घटना दर्ता अभियान, २०७८ कार्ययोजना अनुरुप सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाको समन्वयमा सबै वडाहरुमा सञ्चालन गर्ने ।

**निर्णय नं. ६**

दाङ जिल्ला फुटबल संघको आयोजनामा मिति २०७७ चैत्र २३ गतेदेखि २९ गतेसम्म लुम्बिनी प्रदेशको राजधानी घोराही दाङमा लुम्बिनी प्रदेश स्तरीय एन्फा रेफ्री कोर्ष संचालनार्थ आवश्यक आर्थिक सहयोग माग भई आएकोले दाङ जिल्ला फुटबल संघलाई रु. २५०००।– (पच्चीस हजार) अन्य संस्था सहायता शिर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिका वडा नं. १२ को च.नं. ४०३३, मिति २०७७/१२/२७ गतेको पत्रानुसार मिति २०७७/१२/०६ गते बसेको वडा समितिको निर्णय बमोजिम घोराही उपमहानगरपालिका वडा नं. १२ मा रहेको हापुर स्वास्थ्य चौकीलाई भवन निर्माण गर्न वडा कार्यालयको स्वामित्वमा रहेको २६ विघा जग्गा मध्येबाट १० कट्ठा जग्गा उपलब्ध गराउने निर्णय गरेको हुँदा उक्त जग्गा "सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्यविधि २०७१" बमोजिम निशुल्क उपलब्ध गराउन सिफारिस गर्ने ।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिका अन्तर्गत सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७७।१२।२३ गतेको बैठकको देहायका निर्णयहरु अनुमोदन गर्ने ।

८.१ घोराही उपममहानगरपालिका वडा नं. १०को च.न.१३५१ मिति २०७७/०७/२४ गतेको प्राप्त सिफारिस पत्रको आधारमा यसै उपमहानगरपालिका वडा नं. १० अन्तर्गत नारायणपुर वजार देखि झर्ने लरैना सोताले राम बहादुर वली र मोहनराज आचार्य समेतको जग्गाहरु कटान गरिरहेकाले भु-क्षय नियन्त्रण लागी प्राविधिक लगत अनुमान तयार पारि रु.२ लाख नगर स्तरिय विपद् ब्यवस्थापन कोष शिर्षक नं.३११५९ सि.नं.१२ पेज नं. ५२ बाट र सो भन्दा माथिको रकम सम्वन्धित उपभोक्ता समितिले व्यहोर्ने गरि मर्मत कार्य गर्ने ।

८.२ घोराही उपममहानगरपालिका वडा नं. ११को च.न.३५७ मिति २०७७/०६/०८ गतेको प्राप्त सिफारिस पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यसै उपमहानगरपालिका वडा नं. ११ अन्तर्गत कुईरेसोतामा वर्षाका कारण आएको बाढी तथा पहिरोले नयाँबस्ति गाउँमा वस्ने चार घरधुरीको करिब ३ विगाह खेत सिंचाइ कुलाको नाहा भत्काएकाले नाहा मर्मतका लागी प्राविधिक लगत अनुमान तयार पारि रु.२ लाख ५० हजार नगर स्तरिय विपद् ब्यवस्थापन कोष शिर्षक नं. ३११५९ सि.नं.१२ पेज नं. ५२ बाट र सो भन्दा माथिको रकम सम्वन्धित उपभोक्ता समितिले व्यहोर्ने गरि मर्मत कार्य गर्ने ।

८.३ घोराही उपममहानगरपालिका वडा नं. ११को च.न.३३४ मिति २०७७/०६/०६ गतेको प्राप्त सिफारिस पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यसै उप-महानगरपालिका वडा नं. ११ अन्तर्गत नयाँवस्ति गाउँमा पर्ने पत्रे खोलाले वर्षातका वेलामा पटक पटक आएको अविरल वर्षाका कारण निवेदक रेशम वहादुर वुढाथोकीको घर जग्गा पहिरो तथा वाढिको जोखिममा रहेको हुँदा क्षती रोकथाम गर्न वाल मर्मत निर्माणका लागी प्राविधिक लागत अनुमान तयार पारि रु.३ लाख नगर स्तरिय विपद् ब्यवस्थापन कोष शिर्षक नं.३११५९ सि.नं.१२ पेज नं. ५२ बाट र सो भन्दा माथिको रकम सम्वन्धित उपभोक्ता समितिले व्यहोर्ने गरि मर्मत कार्य गर्ने ।

८.४ घोराही उपमहानगरपालिका वडा नं. १५को च.नं.६७४३ मिति २०७७/११/१८ गतेको प्राप्त सिफारिस समेतका आधारमा वडा नं.१५ स्थित रासि कपास तथा सिरक डसना उद्योगमा मिति २०७७/११/१६ गते एक्कासी विद्युत तार सट हुन गई आगलागी भएकाले उद्योगका संचालक श्री सुकलाल रावतलाई नगर स्तरिय विपद् ब्यवस्थापन कोष शिर्षक नं.३११५९ सि.नं.१२ पेज नं. ५२ बाट खर्च हुनेगरी रु.२००००(विस हजार मात्र) । राहत उपलब्ध गराउने ।

८.५ घोराही उपममहानगरपालिका वडा नं. २को च.नं.१८३८ मिति २०७७/१२/१० गतेको प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतको आधारमा वडा नं.२ चाख्लिघाट बस्ने सुन्दर ओलीको घरगोठ मिति २०७७/१२/०७ गते आगलागी भई घर गोठमा भएका वस्तुभाउ भौतिक संरचना समेत क्षति भएकाले राहत उपलब्ध हुन माग भै आएकाले सो सम्वन्धमा निज पिडितलाई साइज अनुसारको जस्तापाता नगर स्तरिय विपद् ब्यवस्थापन कोष शिर्षक नं.३११५९ सि.नं.१२ पेज नं. ५२ बाट राहत उपलब्ध गराउने ।

८.६ घोराही उपमहानगरपालिका वडा नं. २को च.नं.१८३६ मिति २०७७/१२/१० गतेको प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतको आधारमा वडा नं.२ चाख्लिघाट बस्ने रत्नबहादुर ओलीको घरगोठ मिति २०७७/१२/०७ गते आगलागी भई घर गोठमा भएका वस्तुभाउ भौतिक संरचना समेत क्षति भएकाले राहत उपलब्ध हुन माग भै आएकाले सो सम्बन्धमा निज पिडितलाई साइज अनुसारको जस्तापाता नगर स्तरिय विपद् ब्यवस्थापन कोष शिर्षक नं.३११५९ सि.नं.१२ पेज नं. ५२ बाट राहत उपलब्ध गराउने ।

८.७ घोराही उपमहानगरपालिका वडा नं. २को च.नं.१८३७ मिति २०७७/१२/१० गतेको प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतको आधारमा वडा नं.२ चाख्लिघाट बस्ने कलीकुमारी डाँगीको घरगोठ मिति २०७७/१२/०७ गते आगलागी भई घर गोठमा भएका वस्तुभाउ भौतिक संरचना समेत क्षति भएकाले राहत उपलब्ध हुन माग भै आएकाले सो सम्वन्धमा निज पिडितलाई साइज अनुसारको जस्तापाता नगर स्तरिय विपद् ब्यवस्थापन कोष शिर्षक नं.३११५९ सि.नं.१२ पेज नं. ५२ बाट राहत उपलब्ध गराउने ।

८.८ घोराही उपमहानगरपालिका वडा नं. २को च.नं.१८३९ मिति २०७७/१२/१० गतेको प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतको आधारमा वडा नं.२ चाख्लिघाट बस्ने धन वहादुर वलीको घरगोठ मिति २०७७/१२/०७ गते आगलागी भई घर गोठमा भएका वस्तुभाउ भौतिक संरचना समेत क्षति भएकाले राहत उपलब्ध हुन माग भै आएकाले सो सम्वन्धमा निज पिडितलाई साइज अनुसारको जस्तापाता नगर स्तरिय विपद् ब्यवस्थापन कोष शिर्षक नं.३११५९ सि.नं.१२ पेज नं. ५२ बाट राहत उपलब्ध गराउने ।

८.९ घोराही उपमहानगरपालिका वडा नं. १को च.नं.१७७९ मिति २०७७/१२/१८ गतेको प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतको आधारमा वडा नं.१ बस्ने टेक बहादुर थापाको घर मिति २०७७/१२/१४ गते आगलागी भई घरमा भएका वस्तुभाउ भौतिक संरचना समेत क्षति भएकाले राहत उपलब्ध हुन माग भै आएकाले सो सम्वन्धमा निज पिडितलाई साइज अनुसारको जस्तापाता नगर स्तरिय विपद् ब्यवस्थापन कोष शिर्षक नं.३११५९ सि.नं.१२ पेज नं. ५२ बाट राहत उपलब्ध गराउने ।

८.१० घोराही उपमहानगरपालिका वडा नं. १०को च.नं.३७६१ मिति २०७७/११/२६ गतेको प्राप्त सिफारिस तथा प्रहरी मुचुल्का समेतका आधारमा वडा नं.१० सौरीकुला स्थित साथी रेमिटान्समा मिति २०७७/१०/२८ गते एक्कासी विद्युत तार सट हुन गई आगलागी भएकाले पिडित संचालकलाई नगर स्तरिय विपद् ब्यवस्थापन कोष शिर्षक नं.३११५९ सि.नं.१२ पेज नं. ५२ बाट खर्च हुनेगरी रु.१००००(दश हजार मात्र) राहत उपलब्ध गराउने ।

८.११ घोराही उपमहानगरपालिका वडा नं. ५ को च.नं. ५५६ मिति २०७७/०८/०७ गतेको प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यसै उप-महानगरपालिका वडा नं. ५ प्रगतिटोल निवासी नारायण घर्तिको ९ हात चौडाई १८ हात लम्बाई भएको दुई तले कच्चि घरको गारो मिति २०७७/०३/२८ गतेको वर्षाले भत्किन गई क्षति भएकाले निजलाई नगर स्तरिय विपद् ब्यवस्थापन कोष शिर्षक नं.३११५९ सि.नं.१२ पेज नं.५२ बाट खर्च हुनेगरी घरको साईज अनुसारको जस्तापाता राहत स्वरुप उपलब्ध गराउने ।

८.१२ घोराही उपममहानगरपालिका वडा नं. १९ को वडा कार्यालयको प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतको आधारमा वडा नं. १९ बस्ने दामोदर वस्नेतको घरमा आगलागी भई भएका वस्तुभाउ भौतिक संरचना समेत क्षति भएकाले राहत उपलब्ध हुन माग भै आएकाले सो सम्बन्धमा निज पिडितलाई साइज अनुसारको जस्तापाता नगर स्तरिय विपद् ब्यवस्थापन कोष शिर्षक नं. ३११५९ सि.नं.१२ पेज नं. ५२ बाट राहत उपलब्ध गराउने ।

८.१३ घोराही उपमहानगरपालिका वडा नं. ८ को च.न.३५७ मिति २०७७/०६/०८ गतेको प्राप्त सिफारिस पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यसै उपमहानगरपालिका वडा नं. ८ अन्तर्गत सौंरी जन जागृति टोलबाट नाबि नगर जाने बाटो राम कुमार  चौधरी र बसन्ती बि.क.को घरनेर वर्षाका कारण कटान गरेकाले मर्मतका लागी प्राविधिक लगत अनुमान तयार पारि रु.२ लाख ५० हजार नगर स्तरिय विपद् ब्यवस्थापन कोष शिर्षक नं.३११५९ सि.नं.१२ पेज नं. ५२ बाट र सो भन्दा माथिको रकम सम्वन्धित उपभोक्ता समितिले व्यहोर्ने गरि मर्मत कार्य गर्ने ।

८.१४ घोराही उपममहानगरपालिका वडा नं. ११ को च.न.३१३ मिति २०७७/०६/०५ गतेको प्राप्त सिफारिस पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यसै उपमहानगरपालिका वडा न.११ अन्तर्गत वइनरिया खोलामा पर्ने डावर कुलाको बाँध वर्षाका कारण आएको बाढीले क्षति गरी १०० घरधुरीको अन्दाजी १०० विगाह जग्गा सिंचाइ गर्न असहज भएको हुँदा बाँध मर्मतका लागी प्राविधिक लगत अनुमान तयार पारि रु.२ लाख ५० हजार नगर स्तरिय विपद् ब्यवस्थापन कोष शिर्षक नं.३११५९ सि.नं.१२ पेज नं. ५२ बाट र सो भन्दा माथिको रकम सम्वन्धित उपभोक्ता समितिले व्यहोर्ने गरि मर्मत कार्य गर्ने ।

८.१५ घोराही उपमहानगरपालिका वडा नं.१९ को च.नं. ५६० मिति २०७७/१०/२७ गतेको सिफारिस-पत्रको आधारमा पृथ्वी प्रा.वि.को फिल्डमा पहिरोका कारण माटो ढुङ्गा थुप्रिएको र नगर कार्यपालिका वैठकबाट वडा कार्यालयले इन्धन व्यहोर्ने गरी कार्यालयको जे.सि.वि. उपलब्ध गराउने निर्णय भएकोमा विधालयले रा.१.प. ८९० नं.को जे.सि.वि. भाडामा लगाई फिल्ड सफा गर्ने कार्य गरि सकेकाले विल वमोजिमको रकम नगर स्तरिय विपद् ब्यवस्थापन कोष शिर्षक नं.३११५९ सि.नं.१२ पेज नं. ५२ बाट खर्च हुनेगरी भुक्तानी दिने ।

८.१६ घोराही उपमहानगरपालिका वडा नं.४ को च.न.३५७ मिति २०७७/०६/०८ गतेको प्राप्त सिफारिस पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यसै उपमहानगरपालिका वडा न.४ स्थित सुनपुर वहुउदेश्य उ.स.बाट संचालन भै रहेको खानेपानीको पाईप लाइनको ईन्टेक गत वर्षको वर्षाको भेलबाट क्षति भै दैनिक उपभोग गर्ने खानेपानीबाट त्यस क्षेत्रका उपभोक्ताहरु वन्चित भएकाले मर्मतका लागी प्राविधिक लगत अनुमान तयार पारि रु.३ लाख नगर स्तरिय विपद् ब्यवस्थापन कोष शिर्षक नं.३११५९ सि.न.१२ पेज नं. ५२ बाट र सो भन्दा माथिको रकम सम्वन्धित उपभोक्ता समितिले व्यहोर्ने गरि मर्मत कार्य गर्ने ।

८.१७ आ.व.२०७७/०७८ मा घोराही उपमहानगरपालिका भित्रका विभिन्न वडाहरुले वडा भित्रका खरको छाना भएका घरमा खरको छानो मुक्त गरि जस्तापाता भएको छाना निर्माण गर्न वजेट विनियोजन गरेको सो का लागी उपमहानगरपालिकाले सम्वन्धित वडाले छुट्टाएको रकम वरावरको रकम थप गर्ने निर्णय भएको सम्वन्धमा घोराही उपमहानगरपालिका कार्यालयले जस्तापाता खरिद गर्न प्रथम पटक मिति २०७७/१०/२५ गते ३० दिन र दोश्रो पटक मिति २०७७/१२ /०४ गते १५ दिनका लागी वोलपत्र आव्हानको सूचना प्रकासित गरिएकोमा उल्लेखित दुवै मितिसम्म कुनै पनि फर्महरुले जस्तापाता उपलब्ध गराउन उपमहानगरपालिकामा आवेदन नगरेकाले उल्लेखित योजना कार्यान्वयनका लागी सम्बन्धित वडा कार्यालयले उपभोक्ता समिति मार्फत लागत सहभागितामा जस्तापाता खरिद गरी उपलब्ध गराउने ।

८.१८ घोराही उपमहानगरपालिकाको वडा नं. ८को च.न.३४५ मिति २०७७/०६/१३ गतेको प्राप्त सिफारिस पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यसै उपमहानगरपालिका वडा न. ८ ढकेलपुर डाँगीगाउँ सडक खण्डमा पर्ने नालामा आएको भेलले निवेदक शोभा नेपालीको घर गोठ तथा बाटोलाई समेत क्षति पुर्याएकाले मर्मतका लागी प्राविधिक लगत अनुमान तयार पारि रु.२ लाख ५० हजार नगर स्तरिय विपद् ब्यवस्थापन कोष शिर्षक नं. ३११५९ सि.नं.१२ पेज नं. ५२ बाट र सो भन्दा माथिको रकम सम्वन्धित उपभोक्ता समितिले व्यहोर्ने गरि मर्मत कार्य गर्ने ।

८.१९ घोराही उपमहानगरपालिकाको वडा नं. १२को च.न.३९६५ मिति २०७७/१२/२२ गतेको प्राप्त सिफारिस पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यसै उप-महानगरपालिका वडा न.१२ हापुर विजौरी डाँडा हुदै रतनपुर जाने सडकमा रहेको स्ल्याव कल्भर्ट धेरै पुरानो जिर्ण भएकाले गाडिको चाँपले क्षति हुन गई आवागमन समेत वन्द भएकाले मर्मतका लागी प्राविधिक लगत अनुमान तयार पारि रु. ३ लाख नगर स्तरिय विपद् ब्यवस्थापन कोष शिर्षक नं. ३११५९ सि.नं.१२ पेज नं. ५२ बाट र सो भन्दा माथिको रकम सम्वन्धित उपभोक्ता समितिले व्यहोर्ने गरि मर्मत कार्य गर्ने ।

८.२० घोराही उपमहानगरपालिकाको वडा नं. ३ को च.नं. २५२६ मिति २०७७/१२/२२ गतेको प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतको आधारमा वडा नं.३ बस्ने तुलसी विश्वकर्माको घर मिति २०७७/१२/१९ गते आगलागी भई घरमा भएका वस्तुभाउ भौतिक संरचना समेत क्षति भएकाले राहत उपलब्ध हुन माग भै आएकाले सो सम्वन्धमा निज पिडितलाई साइज अनुसारको जस्तापाता नगर स्तरिय विपद् ब्यवस्थापन कोष शिर्षक नं.३११५९ सि.नं.१२ पेज नं. ५२ बाट राहत उपलब्ध गराउने ।

८.२१ घोराही उपमहानगरपालिकाको वडा नं. २को च.न.१६८५ मिति २०७७/११/१९ गतेको प्राप्त सिफारिस पत्र र प्रस्तावना-पत्र समेतका आधारमा यसै उपमहानगरपालिका वडा न. २ स्थित श्री गंगा मा.वि. रामपुर दाङको जिर्ण भएका शौचालयहरुमा झ्याल ढोका ट्वाइलेट सिट नाला फिल्डमा भएका खाडल मर्मतका लागी प्राविधिक लगत अनुमान तयार पारि रु. २ लाख ५० हजार नगर स्तरिय विपद् ब्यवस्थापन कोष शिर्षक नं.३११५९ सि.नं.१२ पेज नं. ५२ बाट र सो भन्दा माथिको रकम सम्वन्धित उपभोक्ता समितिले व्यहोर्ने गरि मर्मत कार्य गर्ने ।

८.२२ घोराही उपमहानगरपालिकाको वडा नं. १६ को प्राप्त सिफारिस पत्रका आधारमा यसै उपमहानगरपालिका वडा न. १६ को वाहुनडाँडाँमा सिंचाई कुलाको वाल भत्किएकाले वाल मर्मतका लागी नगर स्तरिय विपद् ब्यवस्थापन कोष शिर्षक नं. ३११५९ सि.नं.१२ पेज नं. ५२ बाट १ लाख सम्म र सो भन्दा माथिको रकम सम्वन्धित उपभोक्ता समितिले व्यहोर्ने गरि मर्मत कार्य गर्ने ।

८.२३ सघन शहरी तथा भवन निर्माण आयोजना अन्तर्गतको सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयनका सम्वन्धमा प्राविधिक लागत अनुमान, संझौता, लाभग्राहीहरुको वैंक खाता खोल्ने लगायतका कार्य सम्बन्धित वडा कार्यालय मार्फत गर्ने र नियमानुसार रकम भुक्तानी नगर कार्यपालिकाको कार्यालय मार्फत गर्ने ।

८.२४ घोराही उपमहानगरपालिकाको वडा नं. १० को च.नं. ४२६१ को प्राप्त सिफारिस पत्र समेतका आधारमा वडा नं.१० नारायणपुर न्युरोड टोलमा रहेका पाँचवटा पोल मध्ये केही विद्युत पोलहरु भाँचिएको र केही पोलहरु घरसँग सटन गई क्षेती हुन सक्ने भएकाले रु. ८००००।– (असि हजार मात्र) सम्म प्राविधिक लागत अनुमान तयार पारी नगर स्तरिय विपदबाट क्षति भएका भौतिक संरचना मर्मत शिर्षक नं.२२२३१ सि.नं.१ पेज नं. ५२ बाट खर्च हुनेगरि मर्मत निर्माण गर्ने ।

८.२५ घोराही उपमहानगरपालिका वडा नं. १२ को प्राप्त सिफारिस पत्र तथा प्रहरी मुचुल्का समेतको आधारमा वडा नं. १२ बस्ने बसन्त कवरको ९ हात लम्बाई १८ हात चौडाई भएको कच्ची घर वर्षातको समयमा भारी वर्षाका कारण भत्किन गई भौतिक संरचना समेत क्षति भएकाले राहत उपलब्ध हुन माग भै आएकाले सो सम्बन्धमा निज पिडितलाई साइज अनुसारको जस्तापाता नगर स्तरिय विपद् व्यवस्थापन कोष शिर्षक नं. ३११५९ सि.नं. १२ पेज नं. ५२ बाट राहत उपलब्ध गराउने ।

**निर्णय नं. ९**

९.१ घोराही उपमहानगरपालिका वडा नं. ७का वडा अध्यक्ष तथा नगरकार्यपालिकाका सदस्य श्री खोपीराम चौधरी का ममतामयी आमा स्व. रुन्ची चौधरीको यही मिति २०७७।१२।२७ गतेका दिन ७५ वर्षको उमेरमा असामयिक स्वार्गारोहण भएको खवरले घोराही उपमहानगरपालिका परिवारलाई अत्यन्त दुःखी तुल्याएको छ । यस दुःखद घडीमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारमा हार्दिक समवेदनाकासाथ शोक प्रस्ताव पारित गर्ने ।

९.२ घोराही उपमहानगरपालिकाका कम्प्युटर अपरेटर श्री खुमा न्यौपाने की सासुआमा स्व. निमादेवी दाहालको यही मिति २०७७।१२।२६ गतेका दिन ८६ वर्षको उमेरमा असामयिक स्वार्गारोहण भएको खवरले घोराही उपमहानगरपालिका परिवारलाई अत्यन्त दुःखी तुल्याएको छ । यस दुःखद घडीमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारमा हार्दिक समवेदनाकासाथ शोक प्रस्ताव पारित गर्ने ।